# कोशी प्रदेशका माझी जाति

*-शंकर कोइराला*

## १. परिचय.

पूर्व २ नम्बर इलाका पहाडको फेदी सुनकोशी र तामाकोशीको कुनै माझी गाउंमा पुग्यौं भने हामीलाई केही कौतूहलपूर्ण अचम्म लाग्न थाल्दछ जब घामले डढेका काला न त पुड्का मानिसहरू कोशीको घाटदेखि केही सय पचास फूटमाथि खरले छाएका झुप्रा घरहरूबाट निस्केर हाम्रो अगाडि आउंछन् । कुनै एउटा घरमा गएर नवागन्तुकले घरको मालिकका बारे सोध्न लाग्यो भने उ आजित हुन्छ किनकि उनीहरू त्यस आगन्तुकसित चांडो हेलमेलमा आउन सक्तैनन् । यसको कारण उनीहरू अड्डाखानाका मानिसदेखि डर मान्दछन् । केटाकेटीहरू पहिले भित्रबाट निस्कन्छन् । अरू छिमेकी बालकहरूले घेर्न लाग्छन् । घरका स्वास्नीमानिसहरूले चियाउन थाल्छन् अनि पुरुषहरूले ढोकाबाट चियाउंदै भन्दछन् कति कामले ?

सयकडौं प्रश्न आगन्तुकले गऱ्यो भने उसले टाउको हल्लाएर मात्र टार्न खोज्दछ । बिस्तारो यति बिस्तारो कि प्रश्नकर्ता त्यही ढिलाइमा घबराउन लाग्दछ । उनीहरू सुस्त प्रकृतिका मानिस हुन् जसको पेशा कोशीमा डुंगा खियाउनु, मालसामान, बस्तुभाउ वारीको पारी र पारीको वारी गर्नु हो जो पहाडको फेदीमा बसे पनि पहाडको उकालो ओह्लालो हिंड्न मन गर्दैनन् । कोशीको किनारकिनार माछा मार्नु, जाल खेल्नु, बल्छी खुंगा थाप्नु उनीहरूको परंपरागत पेशा छ । जाललाई कांधैमा हालेर हिंडेपछि भूत प्रेतको डर हुंदैन भन्ने धारणा गर्छन्, यसैले रात आधारात भन्दैनन्, न त कोशीको भेलको पर्वाह गर्छन् । फुर्लुङ्ग कम्मरमा बाँधेका, काँधमा जाल भिरेका माझी रमाइलो दृश्य भएको सुन कोशीको तीरमा यताउति हिंडेका देख्न पाइन्छन् ।

तिनीहरू मकै, कोदो, धान, गहत, कपास आदिको खेतीपाती गर्छन् । जग्गा विशेष गरेर किपट नै हुन्छ * । किपटको मतलब तिरो माफी जग्गा हो जसको किपट छ पहिलेका राजा महाराजहरूबाट लालमोहोरद्वारा पाएको हुन्छ । यसको बापत सरकारी खजाना, कागतपत्र, गोलीगट्ठा विनारोकटोक झरी वर्षा नभनी तार्नुपर्छ । सरकारी मानिस र सरकारी मालहरू पनि विनामहसूल तार्नुपर्छ र अरू हिंड्नेहरूमाथि उनीहरू भाडा लिने गर्दछन् । तर तिनीहरूले पैसा तिर्नुपर्ने जरूरत छैन जो 'डुंगे पाथी' भन्ने चलनअनुसार बर्षेनी धानको खलामा धान दिन्छन् । जे काम पनि माझीहरू समूहद्वारा गर्दछन् । जागिरमा जान पऱ्यो भने दुइचार जना नभई निस्कंदैनन् । एकलै दोकलै बसाई हिंड्दैनन् । मझिनीहरू जाँड बनाउन शिपालु हुन्छन् । उनीहरू घाट र बाटो दोबाटोमा जाँड बेचेर हिंडेका पनि पाइन्छन् । कोथपेतिरका माझीहरू सुंगुर पाल्दैनन् तर सेले, नवघाटतिर भने कसै कसैले पाल्न लागेको पनि देखिएको छ ।

उनीहरू जे कुरा पनि मिझार याने मुखियाविना गरेको अपूरो मान्दछन् ।

## २ बिहाबरीको तरीका र चाडपर्व

केटी कुनै घरमा माग्न जानुपऱ्यो भने पहिले कुरो हाल्छन् र केही कुरो मिल्ने छांट भयो भने पछिबाट जाँडरक्सीको शकुन लिएर जाने चलन छ । पछि कुरा छिन्न जानेहरूले एउटा भाला लिएर गएको हुन्छ र सो भाला केटीको घर आंगनको बीचमा गाडिदिन्छन् त्यसको माने हो हामी केटीको कुरा छिन्न आएका छौं । साथमा आएकाहरूले जांडको शकुन लिएर घरमा पस्तछन् । जांड रक्सीको जाफतको साथ दुवै थरिमा विवाहको वाग्दान

*यो प्रथा भूमिसुधार लागू हुनुभन्दा पहिलेको हो । सं.

हुन्छ । उनीहरू विवाहको वार बुधवारलाई श्रेष्ठ मान्दछन् । अरू बाहुन क्षत्रीहरूको विवाह पर्ने महीनामा बुधवारको दिन विवाह कार्य संम्पन्न गर्दछन् । रजगाउं, भटौली, नवघाटतिर माझीहरू बेनीको जात्रा, जुन जात्रा सुनकोशी र तामाकोशीको दोभानमा हुन्छ, बालाचतुर्दशी र शिवरात्रीको वेला विवाहप्रथाअनुसार मझिनीहरू पनि अरू जातिसरह घिसारिन्छन् । घिसार्ने तरीका, यसमा केटा र केटीको सल्लाहा पहिले नै मिलिसकेको हुनुपर्छ । अनि फलानो जात्रा भन्ने निर्णय दुवै थरिबाट तोकिन्छ र केटी सहेलीसंग जात्रालाई गाउंबाट झर्छे । केटो आफ्नो साथीहरूलाई लिएर जात्रामा आइपुग्छ । केटा र केटीतर्फको संगीतगानपछि केटापट्टिको साथीहरूले यो केटी यसैसित आउन खोजेकी हो भन्ने थाहा पाउंछन् । त्यस काममा पहिले जसले केटीको नाडी समातेर तान्छ उसको भावी पति त्यही हुन्छ । यो एक जर्वर्दस्त काम हो तापनि बलात्कार भन्न सकिदैन । किनभने अरू जातिहरूमा पनि यस्तो प्रथा प्रशस्त छ जुन घिसार्ने काम पुरुषतर्फबाट आरम्भ गरिन्छ । अनि लैजाने सहयोगीहरूले पहिले नै बाटोको गुप्त इन्तिजाम बनाइसकेका हुन्छन् । दुवै थरिमा कहिलेकाहीं कुटामारी पनि देखिएको छ । कहिलेकाहीं केटीको खोसाखोसमा इज्जतको बेइज्जत पनि हुन गएको छ । तर माझिनीहरू बिरलै अरू जातिसित बिहा गरेका वा पोइल गएका पाइन्छन् । यिनीहरूको विशेष गरी माझी जातिमै आदानप्रदान हुन्छ । मझिनी भ्रष्टाचरण अर्थात् जतिसुकै घर चहारेकी भए पनि जातभातको चोखी नै बनिरहन्छे ।

यिनीहरूको आफ्नो थर हुन्छ भन्छन् तर थर र आफ्नो न्वारनको नाउं बताउंदैनन् न कुनै तमसुक या कागतपत्रमा तिनको सक्कली नाउं र थर देख्न पाइन्छ । यसको मतलब आफ्नो सक्कली नाउं प्रख्यात गरेपछि बोक्सी झांक्रीको भेद पर्छ भन्ने उनीहरूको बलियो धारणा हुन्छ । आफ्नो नाउं र थर कागतपत्रमा लेख्नै पर्‍यो भने पहिले नाउं, जात– माझी र ठेगाना दिन्छन् । घरायसी कागजदेखि अड्डाखानासम्म यही प्रथा हुनाले तिनीहरूको विवाहको लागि थर हुन्छ हुंदैन भन्न सकिदैन । मेरो विचारमा यिनीहरू विवाहलाई आफ्नो चेलीबेटीका घर मात्र जोगाउंछन् भन्न सकिन्छ ।

कोशीकिनारमा माझीहरू आफ्नो इष्टदेवता कोशीलाई नै मान्छन् र वर्षको एक पल्ट ३ दिनसम्म धूमधामसित कोशीको पूजा हुन्छ । यो फाल्गुन महीनामा शनिश्चरवार पारेर हुन्छ । यस औसरमा २ दिन डुंगा पनि चलाउंदैनन् र अरू परिआएका बाहिरफेरका काम पनि गर्न जांदैनन् । जांड रक्सीको जाफत हुन्छ । सुंगुरको बलि यस पूजाको अनिवार्य क्रिया मान्दछन् । यसलाई अरू जातिले हेर्न गयो भने त्यसले बेइज्जत पाएर फर्कनुपर्छ । पहिला र दोस्रा दिन सुंगुरको टाउको बगरैमा रहन्छ र तेस्रो दिन शिर उठाउने दिनको नामले विसर्जन गरिन्छ । त्यो दिन डुंगा चल्दछ । यिनको पुरोहित राख्ने चलन छैन जो व्यक्ति सबैको चित्त बुझाएर परिपाटीपूर्ण पलाक्न सक्ने हुन्छ उसैले पूजाको कार्य सम्पन्न गर्छ । यसको अतिरिक्त अरू देवदेवीहरूको मन्दिरमा महादीप बाल्न जाने चलन पाइन्छ । उनीहरू निराहार बस्ता जांड मात्र पिउंछन् किनकि जांड जरीबूटीद्वारा बनेको मर्चा नामक ओखती पर्ने भएकोले त्यसको मात्र आहार गर्दछन् । पूजाआजा गर्नु गराउनु पर्दा प्रचलित तन्त्रमन्त्र र फलाक्नुको साथै शुरू र समाप्ति हुन्छ । चाडबाडमा दसैं तिहार पनि मान्छन् जुन हाम्रो पात्रो सरह नभएर अलिक दिन पछि पर्छ जसको विशेष प्रबन्ध गाउंको तालुकदारद्वारा हुन्छ । तालुकदार केही तान्त्रिक मान्त्रिक पनि भएको हुनुपर्छ । यिनीहरू बिरामीको उपचार झांक्रीहरूद्वारा गराउंछन् । झांक्रीले रोगीको व्यथा कालो कुखुरामा सार्न सक्छ भन्दछन् । रोगीको खड्गो काट्ने भनेर बाख्रा काट्ने चलन पनि अद्यापि छंदैछ, तर माझीझांक्रीलाई चिन्ता गदा तामांगको जस्तो भातको तोर्मा चाहिंदैन । अक्षतापातीमै खतम हुन्छ जुन चलन मरिन र मकवानपुरको माझीको जस्तै छ । मंत्रको देवता र कुनै शब्दमा बाहिरी दनुवारको भाषाको शब्द पर्न आउंछ ।

## ३ अन्त्येष्टि क्रिया

माझीहरूको अन्त्येष्टि क्रिया एउटा 'सरात' गरेपछि खतम हुन्छ । यो क्रिया सोह्रश्राद्धमा एउटा बुधवार गएपछि अर्को बुधवारमा थालिन्छ र ३ दिनमा सकिन्छ । सानो नानीको पनि सरात गर्ने चलन छ । यो ३ दिनलाई डाक्ने, पाल्ने, फाल्ने भन्ने चलन छ । मर्नेको घरमा खूब जांड बनेको हुन्छ । बाख्रो र रांगो काट्ने प्रथा छ । चेलीबेटीहरू जम्मा गरिन्छ । गाउंका सबै प्रायः बूढाबूढी केटाकेटी भेला भएर घरआंगनमा मादल बजाएर नाच्ने गाउने गर्दछन् । पहिला पितृ डाक्ता पहाड-

ब्राट मादल ठोकेर लट्ठीमा भाले खरको फूल, घोडाको जगर झैं बाँधेर त्यही लठ्ठीमा चढेर आउने चलन छ कारण तिनीहरूको आंगमा मृतक आत्माको प्रवेश हुन्छ भन्ने विश्वास गर्छन् ।

घरमा आएपछि धूमधामको नृत्य हुन्छ । अरू वरिपरि बस्नेहरूलाई ब्यांगे कमिला (सुनकमिला–सं.) र जांडको कट मिसाएको पदार्थ छरिदिन्छन् र हांसो गर्छन् । यसो गर्नाले पितृ खुशी हुन्छन् । उनीहरू पितृलाई 'पितर' भन्छन् । यिनमा कुनै काममा पनि तोर्मा बटार्ने चलन छैन । कुखुराको मासु, फुल, बाख्राको मासु, जांड डबकोमा हालेर ठाउंमा राखेपछि पितृको आह्वान हुन्छ । बाहिर मादल घन्किरहेको हुन्छ । मृतकको छोरा नाति त गुफा जस्तै घरभित्र बस्छन् । फलाक्नेले फलाकिरहन्छ । जसको आंगमा पितृप्रवेशको आह्वानकार्य गरिन्छ उ पनि आंगनमा चोखीनितीसंग बसेको पाइन्छ र जब उसको आंगमा कम्पन आउंछ र उल्टोसित पछाडि हिंड्न थाल्दछ उसलाई उनीहरू 'पितर' आएको भनेर प्रसन्न हुन्छन् । रातभर दिनभर मादलको ताना छुट्दैन । यो नृत्य दर्शकहरू हंसाउने अनेक हावभावले परिपूर्ण हुन्छ । यदि त्यस घरमा पितृ आएन भने के कारण नआएको हो अर्को त्यस्तै सरात गरेको घरमा गएर पितृ आएर कामेको व्यक्तिलाई सोधनी गर्दछन् । उसलाई पितृ आएको बखत उ देवतासरह तीनै कालको कुरा बताउन सक्छ भन्ने विश्वास लिएर पितृ नआउने घरको कुरा सोधिन्छ । केले आउन नसकेको हो उसले मांगेको के कुरा नपुग्दा चित्त दुखाएको हो अथवा कतै काममा अलमलिएर पितृले आफ्नो अहिलेको घरमा आउन नपाएको हो खोलिन जान्छ । कुनै कामविशेषले नआएको रहेछ भने फेरि अर्को वर्ष सरात गर्नुपर्छ । माझीहरू मृतकको क्रिया त्यही एक सरातमा खतम गर्छन् । मरेपछि सरातको दिन नआउन्जेल मृतको नाममा पानी दिने चलन छ ।

## ४ माझी जाति आदिवासी होइनन्

माझीहरू कहांबाट गएका हुन् यसको बृहत् अध्ययन जरूरी छ । यिनीहरू मकवानपुर, मरिन, सप्तकोशीतटवर्ती माझीहरूकै एक समुदाय हुनुपर्छ यात सरकारले डुंगा चलाउन बाहिरबाट यिनीहरूलाई ल्याएर किपट दिएर राख्यो या बसोबास खोज्दै आएका बखत घाट पारेर डुंगा चलाउने काम गर्न लागेका हुन् । यिनको पुरखा मकवानपुर र मरिनतिरका सित जोडिन पुग्ला भन्ने कुरा यिनीहरूको गृह निर्माणकलाबाट ज्ञात हुन्छ । डांडाको त्यही टाकुरोमा भएका चौकुने घर जस्तो नभएर बाटुलो भित्ता भएको इनारमा पाली गांसेको जस्तो यिनको घर पनि दृष्टिगोचर हुन्छ । यिनको भित्तिचित्र चेपांग, दनुवारहरूकै झैं रातो माटोले लिपेपोतेको भित्तामा ढोकामा मादलनाच नृत्य मत्स्याकार देखिन्छ । भित्तिचित्रहरू तामांगका घरमा पनि पाइन्छ तर यिनको अर्कै भिन्नता छ यिनीहरूको सरात गर्ने चलन बाहिरका माझीसित मिल्दो जुल्दो नै हुन्छ । ती जग्गा कमाउन मात्र आएका भए पहाड टाकुरामा बस्ने थिए । तर यिनले कोशी किनारमा घाट पारेर बसेकाले बरु किपटको प्रलोभनमा बाहिरबाट आएका होलान् भन्ने सिद्ध गर्न सकिन्छ । भाषामा पनि नेपालीको प्रशस्त संमिश्रण पाइन्छ जुन बाहिरका माझीसंग भिन्न छ । वाक्यको पछिल्तिर र लगाएर बोल्ने बोली र आइछिन्, खाइछिन् भन्ने प्रयोगमा भिन्नता पाइन्छ जुन एउटा गाउको अर्कोसित केही फरक हुन्छ । यिनको बोली मरिनका सित मिल्दैन यद्यपि बिहाबरी जात भात सबै चल्दछ । नेपालको पहाडी प्रदेशमा आएपछि नेपाली भाषाको पूरा प्रभाव पर्ने नै भयो ।

"रोसी न कोशी बाढी न आयो लैजान्छ छालैले ।
न बूढो भन्छ न बालो भन्छ लैजान्छ कालैले ।"

राष्ट्रिय भाषाको प्रभाव परेका अरू अनेक मादल र नृत्य गीतहरू पाइन्छन् । बाहिरका माझीहरूको बोली मिलेका माझीगीत सुन्दा पनि हामीलाई कहां कहिले सुनेको जस्तो सम्झना दिलाउंछ ।

## ५ फुटकर कुरा

माझीको घरमा ढिकी हाल्ने चलन छैन । ओखलीको मात्र प्रयोग गर्छन् । ढिकी फाप्तैन भन्ने धारणा प्रचलित छ । बाहुनहरूले दिएको खानेकुरो खास गरी मासको दाल खानुपर्दा टोपी फुकालेर ग्रहण गर्छन् । डुंगा एउटै सिगैं मूढो खोपेर बनाउंछन् जसलाई घाटमा घिसारेर ल्याउंदा बाजा बजाउदै ल्याउंछन् । रमाइलो जात्रा जस्तै लाग्छ ।